लमही नगरपालिका

# ६ नं. वडा कार्यालय

देउपुर, दाङ

५ नं. प्रदेश नेपाल

प.स.०७५/०७६

च.न. ९०७

मिति : २०७५ ०८ २३

विषय : जानकारी गराएको सम्बन्धमा ।

श्री लमही नगरपालिका नगरकार्यपालिकाको कार्यालय

लमही दाङ ।

प्रस्तुत विषयमा लमही नगरपालिका वडा नं. ६ को अध्यक्ष श्री गणेशमान चौधरीको अध्यक्षतामा मिति २०७५/०८/०४ गते बसेको वडा समितिको बैठकले शनिबार पनि कार्यालय खोल्ने र सेवा दिने निर्णय गरेको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै निर्णयको प्रतिलिपि यसै पत्रसाथ संलग्न राखी पठाइएको छ ।

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दर्ता नं. : ९५६३
मिति : २०७५/०८/२५

०७५/८/२३

गणेश मान चौधरी
वडा अध्यक्ष
लमही न.पा.-६

आज मिति २०७५ ०८ ०४ गते यस लमही नगरपालिका वडा न. ६ का वडा अध्यक्ष श्री गणेशमान चौधरीको अध्यक्षतामा तप बमोजमको उपस्थितीमा वडा समितिको बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिती

| | | |
|---|---|---|
| १. | श्री गणेशमान चौधरी | वडा अध्यक्ष |
| २. | श्री कृष्ण बहादुर खत्री क्षेत्री | वडा सदस्य |
| ३. | श्री कमल सिह चौधरी | वडा सदस्य |
| ४. | श्री वसन्ती नेपाली | वडा सदस्य |
| ५. | श्री अनिता चौधरी | वडा सदस्य |
| ६. | श्री लक्ष्मी सुवेदी | वडा सचिव |

प्रस्तावहरु :

१. शनिवार कार्यालय खोल्ने सम्वन्धमा ।

२. नदिजन्य पदार्थ निकासी सम्वन्धमा ।

३. विद्युत ट्रान्सफर्मर सम्वन्धमा ।

४. योजना सम्वन्धमा ।

५. विविध

निर्णयहरु :

१. प्रस्ताव न. १. माथी छलफल गर्दा सेवाग्राहीको चाप र मागलाई मध्यनजर गर्दै शनिवार पनि कार्यालय खोल्ने निर्णय गरियो । शनिवार कार्यालय खुल्ने समय ११ बजे देखि २ बजे सम्म निधारण गरियो ।

२. प्रस्ताव न. २. माथी छलफल गर्दा नदिजन्य पदार्थको निकासीमा रोक लगाउदा विकास निर्माणकार्यमा अवरोध भएको हुँदा यथाशिघ्र नदिजन्य पदार्थको निकासी गर्नको लागि आवश्यक प्रकृया अगाडी वढाउन नगरपालिकालाई पत्राचार गर्ने निर्णय गरियो ।

३. प्रस्ताव न. ३ माथी छलफल गर्दा गत आ.व. मा ६ न. वडा कार्यालयले माग गरेका ५ वटा ट्रान्सफर दिपज्योती विद्युत कार्यालयमा आईसकेको हुँदा यथाशिघ्र ६ न. वडाको पत्रमा उल्लेखित स्थानमा ट्रान्सफर जोडि दिनका लागि दिपज्योती विद्युत उत्पादन तथा वितरण केन्द्रलाई अनुरोध गर्ने निर्णय गरियो ।

४. प्रस्ताव न. ४ माथी छलफल गर्दा यस वडामा विनियोजित विभिन्न वडा स्तरिय योजनाहरुलाइ यथाशिघ्र उपभोक्ता समिति गठन गरी सम्झौता गर्ने र आवश्यक प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

५. प्रस्ताव न. ५ माथी छलफल गर्दा शुभकामना युवा क्लव देउपुर ले भैलो कयक्रममा उठेको रकम बाट देउपुरको विभिन्न टोलमा रहेको विद्युत पोलमा सडक वत्ति जडान गरेकोमा शुभकामना युवा क्लवलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।